# CIVIC ACTION TEAMS

# Nepal Coronavirus CivActs Campaign

अंक #१
०७ ।१२ ।२०७६

भ्रामक समाचार, हल्ला र अफवाहरूले जसरी जनजिवन अस्त व्यस्त बनाएको थियो, अहिले कोरोना भाईरसको महामारिको अवस्था पनि त्यस्तै छ । हामि सबै मिलेर यसको निराकरणमा महत्वपुर्ण भुमिका खेल्न सक्छौं । यसकालागि हामिले विश्वसनिय एवं स्रोत खुलेका सहि सूचना निर्णायक तहसम्म प्रवाह गर्न सक्छौं ।

**Coronavirus CivActs Campaign (CCC)** ले सरकार, सञ्चार माध्यम, संघसंस्था र आम नागरिक बिचको सूचनाको दुरी कम गर्न देशभरिबाट संकलन गरिएका हल्ला, नागरिकका जिज्ञासा तथा प्रश्नहरु संकलन गरी तथ्य पत्ता लगाएर आम नागरिकलाई सूचित गर्दछ । यसले आम नागरिकका आवश्यकताको पहिचान गर्नुकासाथै हल्लाहरूले कुनै नकारात्मक असर पुऱ्याउनुपुर्व सान्दर्भिक तथ्य आम नागरिक समक्ष प्रवाह गरी जोखिम न्युनिकरण गर्दछ ।












जिम्मेवारी
बहन गर्नुहोस



सरकारी नियमहरु
पालन गर्नुहोस



कोरोना भाइरस् सम्बन्धित
सरकारी खर्चको बारेमा
जानकारी लिनुहोस्



दैनिक उपभोग्य वस्तु
किनेर नथुपार्नुहोस



सुरक्षित हुनुहोस् र अरूलाई पनि
सुरक्षित हुन सहयोग गर्नुहोस्



भ्रष्टाचार, सामाजिक अशान्ति र
कालोबजारीको बारेमा थाहा भएमा
सम्बन्धीत निकायमा खबर गर्नुहोस्

# हल्ला - तथ्य



हामिले सुनेको डाक्टर, नर्स र अन्य स्वास्थ्यकर्मिहरूलाई न त कुनै तालिम छ, न त जाँच गर्ने उपकरण नै छन् । यसरी उनिहरूको आत्मबलनै घटेपछि के होला ?

कोरोना भाईरसको उपचारमा संलग्न स्वस्थ्यकर्मिको मनोबल उच्च राख्न सरकारले उनिहरूलाई दश लाख रुपैयाँ बराबरको स्वास्थ्य बिमा, थप सेवा सुविधा, तालिम र आवश्यक उपकरणको व्यवस्था गरेको छ ।



सामाजिक सञ्जाल तिर हरेक दिन नेपालमा पनि कोरोना भाईरस संक्रमित बिरामि फेला परे भन्ने सुनिन्छ । वास्तविकता के हो ?

नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार हाल सम्म नेपालमा ५४६ जनामा कोरोना भाईरसको परिक्षण गरिएकोमा जम्मा एकजना व्यक्तिमा मात्र यसको संक्रमण फेला परेको छ । उक्त व्यक्तिमा कोरोनाको संक्रमण भएको गत माघ ९ गते पत्ता लागेको थियो र हाल निको भईसकेको मन्त्रालयले जनाएको छ ।



विदेशबाट मान्छेहरु आउने क्रम रोकिएको छैन । यसलाई रोकथाम गर्न सरकारले केही गर्नु पर्दैन ?

विदेशबाट नेपाल आउने सबै नेपाली नागरिक तथा विदेशी यात्रुहरुको स्वास्थ्य जाँच गर्ने गरिएको छ । त्यस्तो जाँच Point of Entry मा सञ्चालित हेल्थ डेस्कबाट गरिन्छ । त्यसै गरेर चैत्र ७ गते देखी बैषाख ३ गते सम्म टुरिष्ट भिषामा आउने कुनै पनि विदेशिलाई अनअराईभल भिषा दिने छैन । पुर्व भिषा अनुमति पाईसकेकाहरुको हकमा भने सात दिन भित्र कोभिड - १९ को संक्रमण नरहेको पिसिआर प्रमाण पेश गर्नुपर्ने छ । यसरी प्रवेश अनुमति पाएकाहरुले पहिलो १४ दिन अनिवार्य सेल्फ क्वारेन्टाईनमा बस्नुपर्ने व्यवस्था गरिएको छ ।



कोरोना भाईरस गर्मि मौषममा देखिदैन भन्छन् नि ! अनि लसुनको प्रयोग गर्नाले कोरोना भाईरसको संक्रमण हुदैन रे !

अहिले सममको तथ्यलाई हेर्ने हो भने कोरोना भाईरस जुनसुकै मौषम र स्थानमा सर्न सक्छ । सामान्यत: यस भाईरसको संक्रमण कसरी हुन्छ भन्ने बारेमा एकिन जानकारी छैन । रुघाखोकी तथा श्वास प्रश्वासका बिरामिको नजिक नजाने तथा हातको सरसफाई नियमित गरेमा संक्रमणको सम्भावना कम रहन्छ । लसुन एउटा पौष्टिक खाद्यपदार्थ हो त्यसो हुनाले यसमा सुक्ष्मजिवाणुसँग लड्न सक्ने गुण हुनसक्छ तर यसको प्रयोगले कोरोनाको नयाँ संक्रमण रोक्न सकिन्छ भन्ने कुनै पतथ्यगत आधार छैन ।

## सूचनाका स्रोतहरू

विश्व स्वास्थ्य संगठन

स्वास्थ्य र जनसंख्या मन्त्रालय

COVID – 19 को रोकथाम र नियन्त्रणका लागि सरकारी निर्णय

नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय कोरोना भाईरस रोग (COVID – 19) सम्बन्धी स्वास्थ्य क्षेत्रको प्रतिकार्य

नेपाल श्रम शक्ति सर्वेक्षण



# मुख्य गन्तव्य राष्ट्रमा रहेका नेपाली कामदार

| साउदी अरब | कुवेत | बहराईन | कतार | युएई | मलेसिया | दक्षिण कोरिया |
|---|---|---|---|---|---|---|
| ३,५२,६६७ नेपाली | ८२,६३० नेपाली | २८,२७६ नेपाली | ४,३७,००९ नेपाली | ३,५२,६६७ नेपाली | ४,६९,१३१ नेपाली | ५३,६९१ नेपाली |
| २३८ संक्रमित | १४२ संक्रमित | २४२ संक्रमित | ४४२ संक्रमित | ११३ संक्रमित | ६७३ संक्रमित | ८४१३ संक्रमित |



गन्तव्य राष्ट्रमा नेपाली जनसंख्या

गन्तव्य राष्ट्रमा संक्रमित जनसंख्या

## सरकारी निर्णयले वैदेशिक रोजगारीमा रहेका कामदारमा परेको प्रभाव



युरोप, पश्चिम एसिया लगाएत खाडि क्षेत्रका मुलुकहरु ईरान, टर्की, मलेसिया, दक्षिण कोरिया, जापानबाट आउने र ति मुलुकलाई ट्रान्जिट बनाई अन्य जुनसुकै मुलुकबाट आउने सबै यात्रुहरुलाई २० मार्च २०२० देखी लागु हुने गरी १५ अप्रिल २०२० सम्म आगमनमा प्रतिबन्ध छ ।




वैदेशिक रोजगारीमा रहेका कामदारहरु हावाई प्रतिबन्धका कारण नेपाल फर्कन सकेनन् भने उनिहरुको भिसाको म्याद थपिने छ ।

कोरोना भाईरसका कारण वैदेशिक रोजगारीमा जानबाट रोकिएका कामदारहरुलाई प्रधानमन्त्रि रोजगार कार्यक्रममा सहभागि गराउने प्रतिवद्धता सरकारले गरेको छ ।





यदि नेपाल सरकार वा हावाई कम्पनी आफैले उडान रद्द गरे भने त्यस्तो अवस्थामा यात्रुहरुलाई पुरा रकम फिर्ता गर्नुपर्नेछ अथवा थप शुल्क बिना अर्को उडान भराउनुपर्नेछ ।

# मलाई कोरोना भाईरसको संक्रमण देखिएमा के गर्ने ?

## COVID-19
## हटलाईन सेवा

सरकारी हटलाईन
विहान ८:०० देखी बेलुका ८:०० सम्म
९८५१२५५८३९
९८५१२५५८३७
९८५१२५५८३४

नि:शुल्क हटलाईन
विहान ८:०० देखी बेलुका ८:०० सम्म
१११५

### यसको परिक्षण कहाँ हुन्छ?

यो रोगको परिक्षण राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला (NPHL) टेकु, काठमाण्डौमा गरिन्छ । संकासपद् बिरामिलाई isolation मा राख्नुपर्ने भएकोले नमुना सम्बन्धीत स्वास्थ्यकार्यालयले संकलन गरेर प्रयोगशालामा पठाउनु पर्ने छ ।

### बिरामि आफै प्रयोगशालामा जान मिल्छ कि मिल्दैन ? कति शुल्क लाग्छ?

बिरामि सिधै यस प्रयोगशालामा आउन मिल्दैन ।
यसको परिक्षणकोलागि कुनै शुल्क लाग्दैन ।

### रिपोर्ट आउन कति समय लाग्छ?

नमुना प्रयोगशालामा पठाएको २४ देखी ४८ घण्टामा यसको रिपोर्ट लिन सकिन्छ । रिपोर्ट पोजेटिभ देखिएमा सम्बन्धीत अस्पताल र डाक्टरलाई तुरुन्त खबर गरिन्छ ।

यो अंकमा समेटिएका सूचनाहरु बिभिन्न संस्था तथा व्यक्ति, नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र विश्व स्वास्थ्य संगठनको वेब पेज, सामाजिक सञ्जाल, र सिभिक एक्सन टिमले यहि मार्च महिना भित्र १२७६ जना व्यक्तिसंगको संवादबाट संकलन गरिएका हुन् । विषयको महत्व, सान्दर्भिकता र तीव्रतालाई ध्यान दिएर हल्ला, सवाल तथा जिज्ञासाहरु छनोट गरीएका छन् । यो अंकमा समेटिएका जानकारी बुलेटिन प्रकाशित भएको मिति सम्म सत्य छन् ।

**Coronavirus CivActs Campaign** is brought to you by **Accountability Lab Nepal**.